सुशासन मार्गचित्र, २०८२ मा रोजगार

रोजगार (Employment) क्षेत्रमा सुधारका लागि विगतमा गठन भएका विभिन्न आयोग, समिति तथा कार्यदलहरूले रोजगारी श्रृजना र रोजगार क्षेत्रको सुधारका सन्दर्भमा विभिन्न सुझावहरू दिएको पाइन्छ । यसको साथै विगतमा आवधिक योजना, बार्षिक बजेट तथा विभिन्न विषयगत मन्त्रालयहरूको नीति कार्यक्रमहरूमा समेत रोजगारी सिर्जना र गरिवी निवारणसंग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन भएको देखिन्छ । विगतमा रोजगारीको सन्दर्भमा तर्जुमा गरिएका नीति तथा विभिन्न समितिले दिएका सुझावहरूको अध्ययन गर्दा राष्ट्रिय रोजगार नीति, २०७१ ले पहिलो पटक श्रम बजारमा माग र आपूर्तिको सूचना एकीकृत गर्न श्रम बजार सूचना प्रणाली (LMIS) को अवधारणामा जोड दिएको देखिन्छ । यसको साथै प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ मार्फत शुरु भएको सुधारको प्रयासले प्रत्येक स्थानीय तहमा 'रोजगार सेवा केन्द्र' को कानुनी संरचना खडा गरी बेरोजगारहरूको Real-time तथ्याङ्क सङ्कलनका लागि 'रोजगार व्यवस्थापन सूचना प्रणाली' (EMIS) को प्रयोगमा जोड दिएको देखिन्छ।

यसै क्रममा पन्ध्रौं योजना (२०७६—२०८१) ले रोजगार सूचना केन्द्रहरूलाई सूचना सङ्कलनमा मात्र सीमित नगरी सीपमूलक तालिमलाई बजारको मागसँग जोड्न 'श्रम बैंक' को अवधारणा र एकीकृत राष्ट्रिय रोजगार ढाँचाको आवश्यकतामा जोड दिएको र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सीप उपयोग सम्बन्धी अध्ययन, २०७७ ले विदेशबाट फर्केका श्रमिकहरूको सीप म्यापिङ गरी उनीहरूलाई स्वदेशमै उद्यमी बनाउन पुनःएकीकरण प्याकेज र सहुलियतपूर्ण ऋण उपलब्ध गराउनको लागि सिफारिस गरेको थियो। पछिल्लो समयमा श्रम अडिट, २०७९ र डिजिटल नेपाल फ्रेमवर्क, २०८० ले परम्परागत दर्ता प्रणालीलाई परिमार्जन गर्दै आर्टिफिसियल इन्टेलिजेन्स (AI) मा आधारित 'जव म्याचिङ' प्रणाली र एकीकृत श्रम सूचना प्रणाली (I-LEMIS) मार्फत सेवालाई पूर्णतः स्वचालित र नतिजामुखी बनाउनुपर्ने निष्कर्ष निकालेका छन्।

प्राज्ञिक/वाह्य क्षेत्रबाट गरिएका अध्ययन/अनुसन्धान प्रतिवेदनहरूबाट प्राप्त निष्कर्ष

विश्व बैंक लगायत विभिन्न सङ्घ संस्था र व्यक्तिहरूबाट नेपालको श्रम बजारको विश्लेषण गरी नेपालमा रोजगारीको सन्दर्भमा "सीपको खाडल" (Skills Gap) मुख्य समस्याको रुपमा रहेको औंल्याएका छन्। यसका साथै श्रमको उचित सम्मान नभएको, कृषि क्षेत्रका श्रमिकहरूलाई हेयको दृष्टिले हेर्ने प्रवृत्ति, अनौपचारिक क्षेत्रको श्रमलाई सामाजिक सुरक्षामा समेटन नसकिएको र प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता योजनाहरूले दिगो रोजगारी भन्दा पनि अदक्ष श्रममा बढी खर्च गरेको कारण रोजगारीको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको निष्कर्ष निकालेका छन्। यसको साथै श्रम तथा रोजगारको क्षेत्रमा काम गर्ने सरकारी निकायहरूको प्राथमिकतामा आन्तरिक रोजगारी पर्न नसकेको, स्वदेशमा काम गर्ने श्रमिकको ज्याला दर न्यून रहेको, उचित कार्यवातावरण तथा कार्यस्थल स्वास्थ्य तथा सुरक्षाका मापदण्डको न्यून परिपालना भएको, विदेशबाट श्रम गरि फर्किएका व्यक्तिहरूको स्वदेशमा श्रमको उचित सम्मान नभएको तथा प्रोत्साहनका गतिविधिहरू न्यून रहेको, ट्रेड युनियनहरूको गलत अभ्यासका कारण स्वदेशी र विदेशी लगानी

प्रभावित भइ रोजगारी सिर्जनामा नकारात्मक असर परेको र युवाहरूमा वैदेशिक रोजगारीप्रति मोह बढदै गएको कारण आन्तरिक श्रम बजारमा दक्ष जनशक्तिको अभाव हुन गएको जस्ता विषयवस्तु रोजगारीको मुख्य समस्याको रुपमा रहेकाले यिनै विषयवस्तुको सुधारमा जोड दिनुपर्ने सुझाव दिएका छन्।

रोजगार क्षेत्रमा सेवा प्रवाह सुधारका असल अभ्यास

- **रोजगार सेवा केन्द्र (ESC) को सुदृढीकरणः** स्थानीय तहमा बेरोजगारहरूको तथ्याङ्क सङ्कलन र परामर्शका लागि समर्पित एकाइको स्थापना।
- **श्रम सूचना प्रणाली (LMIS):** बजारमा उपलब्ध रोजगारी र श्रमशक्तिको मागलाई Real time मा डिजिटल प्लेटफर्ममार्फत जोड्ने अभ्यास।
- **सिकाई र आर्जन (Learn & Earn):** तालिम अवधिमै प्रशिक्षार्थीहरूलाई निर्वाह भत्ता वा रोजगारीको ग्यारेन्टी गर्ने मोडेल।
- **स्वरोजगार कोषको एकीकृत परिचालनः** सहुलियतपूर्ण कर्जा र प्राविधिक सहयोगलाई एउटै द्वारबाट प्रवाह गर्ने अभ्यास।
- **श्रमाधान रोजगार मेला (Job Fair):** प्रविधिको प्रयोग गरी रोजगारदाता र कामदारबीच प्रत्यक्ष अन्तर्क्रिया गराउने मेलाको शुभारम्भ।
- **प्रवासबाट फर्केकाहरूको सीप म्यापिङः** विदेशबाट फर्केका श्रमिकहरूको सीपलाई स्वदेशी उद्योगसँग आबद्ध गर्न तथ्याङ्क व्यवस्थापन।

विद्यमान समस्याहरू

- **राज्यको न्यून प्राथमिकताः** रोजगार तथा गरिबि निवारणका कार्यक्रमलाई सरकारका सम्बन्धित निकायहरूले योजना, नीति तथा कार्यक्रममा समावेश गर्ने गरेको भएतापनि सो को लागि आवश्यक लगानी कम हुनु र आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने विषय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्राथमिकतामा नपर्नु ।
- **अद्यावधिक तथ्याङ्कको अभावः** कति नागरिक बेरोजगार छन् र कति दक्ष तथा अर्ध दक्ष छन्- भन्ने यकिन रियलटाइम-तथ्याङ्क स्थानीय तहका रोजगार सेवा केन्द्र र सरकारी निकायसँग नहुनु।
- **अदक्ष श्रममा जोडः** प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता योजनाहरूले दीर्घकालीन सीप विकासभन्दा पनि मौसमी र न्यून उत्पादकत्व भएका कार्यमा बजेट खर्च गर्नु।
- **सूचनाको पहुँचमा कमीः** ग्रामीण क्षेत्रका युवाहरूमा सरकारी रोजगारीका अवसर, तालिम र सहुलियतपूर्ण कर्जाका बारेमा पर्याप्त जानकारी नपुग्नु।
- **सीप र मागबीच असन्तुलनः** प्राविधिक शिक्षालयहरूले उत्पादन गर्ने जनशक्ति र निजी क्षेत्रका उद्योगहरूलाई आवश्यक पर्ने सीपबीच ठूलो खाडल रहनु साथै मागमा आधारीत शिक्षा प्रणाली नभएका कारण शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने संस्थामा परिणत हुनु।

- **बिचौलियाको प्रभाव:** वैदेशिक रोजगारीको प्रक्रियामा सरकारी संयन्त्रभन्दा बिचौलियाहरू बढी सक्रिय र प्रभावकारी देखिनु। विदेशमा रहेका नियोगका कर्मचारीहरू कामदारका हक हितका विषयमा सम्वेदनशील नहुनु साथै कामदारको शोषण तथा अनियमितताका संलग्न हुनु ।
- **स्वरोजगारमा न्यून आकर्षण:** सहुलियतपूर्ण कर्जा पाउन झन्झटिलो कागजी प्रक्रिया र धितो व्यवस्थापनमा समस्या भएका कारण स्वरोजगारमा आकर्षण कम हुनु।
- **श्रम बैंकको निष्क्रियता:** श्रमिक र रोजगारदातालाई जोड्ने गरी प्रस्तावित 'श्रम बैंक'को अवधारणा व्यवहारमा लागू हुन नसक्नु।
- **सिप तथा क्षमता विकासमा कम लगानी :**सिप तथा क्षमता विकास गरी रोजगारयोग्य नागरिक तयार गर्नु पर्नेमा यस क्षेत्रमा लगानी कम हुनु ।

नागरिकको अपेक्षा

- **सीप अनुसारको काम:** आफ्नो शैक्षिक योग्यता र तालिम प्राप्त गरेको सीप अनुसारको रोजगारीका अवसरहरूको स्वदेशमै उपलब्ध होस् ।
- **पारदर्शी सूचना:** कुन ठाउँमा कति रोजगारीको अवसर छ भन्ने जानकारी मोबाइल एप वा सूचना पाटीमार्फत Automatic सूचना प्राप्ति होस्।
- **झन्झटमुक्त कर्जा:** स्वरोजगार बन्न चाहनेका लागि धितो र कागजी प्रक्रियामा अल्झिनु नपर्ने गरी सरल सहुलियतपूर्ण ऋणको व्यवस्था होस् ।
- **न्यूनतम पारिश्रमिकको ग्यारेन्टी:** अदक्ष श्रमिकको हकमा पनि बाँच्न पुग्ने गरी तोकिएको न्यूनतम ज्याला र समयमा भुक्तानीको सुनिश्चितता होस्।
- **वैदेशिक रोजगारीमा सुरक्षा:** श्रम स्वीकृतिदेखि विदेशमा समस्या पर्दा उद्धार गर्नेसम्मको प्रक्रिया पूर्णतः अनलाइन, विश्वसनीय एवं प्रभावकारी होस्। श्रम स्वीकृतिको झन्झट हटाइयोस्।
- **बेरोजगार भत्ता वा सामाजिक सुरक्षा:** काम नपाउन्जेलसम्मको अवस्थामा जीवन निर्वाहका लागि न्यूनतम भत्ता वा वैकल्पिक कार्यको प्रबन्ध होस्।
- **व्यवसायिक परामर्श:** कुन क्षेत्रमा अवसर छ र के तालिम लिँदा बजारमा अवसर पाइन्छ भन्ने परामर्श दिन परामर्शदाता उपलब्ध होस्।

सुधारका उपायहरू

- **एकीकृत पोर्टल:** सबै स्थानीय तहका रोजगार सेवा केन्द्रहरूलाई जोड्ने गरी राष्ट्रिय रोजगार पोर्टल निर्माण गरी 'रियलटाइम-'डाटा अद्यावधिक गर्ने।
- **मागमा आधारित तालिम:** रोजगारदाता र तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी बजारमा जुन सीपको माग छ, सोही अनुसारको तालिम सञ्चालन गर्ने।

- **श्रम बैंकको पूर्ण कार्यान्वयनः** श्रमिक र रोजगारदाताबीचको दूरी मेटाउन सरकारी तवरबाटै श्रम बैंक सञ्चालन गरी रोजगारीको ग्यारेन्टी गर्ने।
- **सहुलियतपूर्ण ऋणको सरलीकरणः** व्यवसायिक योजना (Business Plan) का आधारमा विना धितो वा सरल धितोमा ऋण दिने प्रक्रियालाई बैंकहरूसँग समन्वय गरी झन्झटमुक्त बनाउने।
- **बेरोजगार सूचीकरणः** वास्तविक बेरोजगारको पहिचान गर्न स्थानीय तहसंग समन्वय गरी घरधुरी सर्भेक्षण मार्फत बेरोजगारको तथ्याङ्क सङ्कलन गरी परिचयपत्र वितरण गर्ने र परिचयको आधारमा रोजगारीमा प्राथमिकता दिने ।
- **स्वरोजगार परामर्श केन्द्रः** प्रत्येक पालिकामा कृषि, उद्यम र प्रविधि सम्बन्धी परामर्श दिने विज्ञहरूको टिम खटाई परामर्श दिने व्यवस्था मिलाउने ।
- **वैदेशिक रोजगार सहजीकरण :** वैदेशिक रोजगार बोर्डबाट कामदारको अभिलेख राख्ने व्यवस्था मिलाउने र श्रम स्वीकृति लिनु पर्ने विद्यमान व्यबस्था क्रमश हटाउने। वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषमा जम्मा गर्ने रकम र बीमा गरिसकेपछि श्रम स्वीकृति लिनु नपर्ने। आवश्यक परेको अवस्थामा मात्र रोजगारदाताबाट प्राप्त माग पत्र र सम्झौतापत्रको आधिकारिकता जाँच गर्ने, संस्थागत तवरबाट वैदेशिक रोजगारीमा पठाउने निकायको नियमन गर्ने र वैदेशिक रोजगारीका क्रममा हुने ठगी नियन्त्रण गर्ने काम मात्र वैदेशिक रोजगार विभागले गर्ने।
- **निजी क्षेत्रलाई प्रोत्साहनः** थप रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई कर छुट वा बिजुली महसुलमा सहुलियत दिने नीति लिने।
- **फर्केकाहरूको सीप प्रयोगः** विदेशबाट फर्केकाहरूको सीप म्यापिङ गरी उनीहरूलाई सोही क्षेत्रमा उद्योग खोल्न बिउ पूँजी (Seed Money) उपलब्ध गराउने।